# २०८३ बैशाख १ गते देखि २०८३ असार मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु

## (स्वत:प्रकाशन)

(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरिएको)

**प्रकाशकः**

**प्रदेश जनस्वास्थ्य कार्यालय**

मध्यविन्दु नगरपालिका-०२, गण्डकी प्रदेश,
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

फोन नं. ०७८-४०१०८३, ९७६६६२४१०५
बेबसाईट: www.honawalpur.gandaki.gov.np
ईमेल: honawalpur@gmail.com

२०८३ श्रावण ०४ गते

## स्वत प्रकाशन परिचय:

नेपालको संविधान २०७२ को धारा २७ मा रहेको नागरिकको सुचनाको हक बमोजिम सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ अनुसार सार्बजनिक निकायहरुले सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने कानुनी प्रावधान रहेको छ, सोहि अनुसार यस कार्यालय प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) ले आ. व. २०८२/८३ को दोस्रो त्रैमासिक स्वतःप्रकाशन (कार्तिक १ देखि पौष मसान्तसम्म) मा सम्पादन गरेका प्रमुख क्रियाकलापहरु सबैको जानकारीको लागि प्रकाशन गरेको व्यहोरा अनुरोध छ।

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
वि.सं २०८३ श्रावण ०४ आईतबार

## जिल्लाको परिचय :

नेपालको संविधान, २०७२ जारी भएपछि संघीय संरचना अनुरूप देशलाई सात प्रदेशमा विभाजन गरिएको थियो। सोही व्यवस्थाअनुसार गण्डकी प्रदेश अन्तर्गत कायम गरिएका ११ जिल्लामध्ये साविकको नवलपरासी जिल्लालाई पूर्वतर्फ गण्डकी प्रदेश र पश्चिमतर्फ लुम्बिनी प्रदेशमा पर्ने गरी विभाजन गरिएको थियो। यसरी विभाजन भई आठ वटा स्थानीय तह सहित गण्डकी प्रदेशको कान्छो जिल्लाका रूपमा **नवलपरासी (बर्दघाट सुस्ता पूर्व)** जिल्ला स्थापित भएको थियो । यस जिल्लाको कुल क्षेत्रफल १३३१.१६ वर्ग कि.मी. रहेको छ भने राष्ट्रिय जनगणना २०७८ अनुसार यस जिल्लाको कुल जनसङ्ख्या ३,८१,१०५ जना रहेको छ । यस जिल्लाको कुल जनघनत्व २९७.६४ जना प्रतिवर्ग कि.मी. रहेको छ । यस जिल्लाको मुख्य भाषा नेपाली ,मगर र थारु तथा वार्षिक जनसङ्ख्या वृर्दिदर १.१३ प्रतिशत रहेको छ ।

**तालिका १.१: भौगोलिक क्षेत्रहरुको विवरण**

| क्र. स. | भौगोलिक क्षेत्र | पालिका संख्या | गा.पा तथा न.पा. हरुको नाम |
|---|---|---|---|
| १. | पहाडी क्षेत्र | ३ गा. पा. | बौदीकाली, बुलिंङटार, हुप्सेकोट |
| २. | भित्री मधेश क्षेत्र | ४ न. पा. र १ गा. पा | गैंडाकोट, कावासोती, देवचुली, मध्यविन्दु न. पा. हरु र विनयी त्रिवेणी गाउँपालिका |

## भौगोलिक अवस्थिति सिमाना:

- पूर्व: चितवन
- पश्चिम: नवलपरासी बर्दघाट सुस्ता पश्चिम
- उत्तर: पाल्पा र तनहुँ
- दक्षिण: भारत र चितवन राष्ट्रिय निकुन्ज
- क्षेत्रफल: १, ३३१.१६ वर्ग कि. मी.

## जलवायु :

उत्तरतर्फको जलवायु महाभारत र चुरे पर्वत श्रृंखलाबाट प्रभावित भएकोले पहाडी क्षेत्रमा हिंउदमा बढी जाडो र गर्मीको समयमा शितल हुन्छ ।

भित्रि मधेशमा हिंउदमा सामान्य जाडो भएता पनि कहिलेकाही हुने शितलहरले ज्यादै जाडोको महशुस हुन्छ र गर्मीमा गर्मीको महसुस हुन्छ । यस जिल्लाको सरदर अधिकतम् तापक्रम ३७ डिग्री सेल्सियस न्यूनतम तापक्रम ५ डग्री सेल्सियस भएको पाईन्छ। जिल्लामा औसत वार्षिक बर्षा २१४५ मी. मी. हुन्छ।

**क) समशितोष्ण हावापानी :** नवलपुर क्षेत्रको उत्तरमा पर्ने महाभारत प्रदेशमा यस प्रकारको हावापानी पाईन्छ। यहांको औसत अधिकतम तापक्रम ३० डिग्री र न्यूनतम तापक्रम १५ डिग्री सेल्सियस हुन्छ। यस भेगमा प्रायजसो मनसुनी बायुले बर्षा हुने गर्दछ।

**ख) उष्ण तथा अर्धउष्ण हावापानी:** भित्रि मधेश, चुरेक्षेत्रमा यस प्रकारको हावापानी पाईन्छ । यहां गर्मीयाममा निकै गर्मी र जाडोयाममा बिहान बेलुका जाडो हुने गर्दछ । भित्री मधेश क्षैत्रमा गर्मी याममा अधिकतम तापक्रम ३७ डिग्री र जाडोयाममा न्युनतम तापक्रम ५ डिग्री सेल्सियस सम्म पाईने गरेको छ।

## प्रदेश जनस्वास्थ्य कार्यालयको स्थापना :

देशमा गणतान्त्रिक संविधान लागू भई संघीय शासन प्रणालीको कार्यान्वयन गर्ने क्रममा वि.सं. २०७४ साल पुष २४ गते नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयअनुसार जिल्ला जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को स्थापना गरिएको थियो। तत्पश्चात वि.सं. २०७५ साल माघ २७ गते उक्त जनस्वास्थ्य कार्यालयलाई स्वास्थ्य कार्यालयका रूपमा रूपान्तरण गरिएको हो। यसैगरी, गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१/०८/१७ को निर्णयानुसार यस कार्यालयको नाम संशोधन भई हाल “प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)” कायम गरिएको छ।

प्रदेश जनस्वास्थ्य कार्यालय जिल्ला सदरमुकाममा अवस्थित हुनुपर्ने व्यवस्था भए तापनि कार्यालय स्थापना गर्दा मध्यविन्दु नगरपालिका वडा नं. २, कोल्हुवा मा स्थापना गरिएको कारण हालसम्म पनि सोही स्थानबाट कार्यालय सञ्चालनमा रहेको छ। साथै, यस कार्यालय अन्तर्गतको भ्याक्सिन भण्डारण (Vaccine Store) सुविधा देवचुली नगर अस्पतालमा अवस्थित रहेको छ।

## दरबन्दी तथा पदपुर्तिको अवस्थाको विश्लेषण:

गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८२/०५/१५ को निर्णयानुसार तथा संगठन र व्यवस्थापन सम्बन्धी सर्वेक्षण प्रतिवेदन अनुरुप स्वीकृत १२ दरबन्दी अनुसार कार्यालयमा विभिन्न प्राविधिक तथा प्रशासनिक पदहरू कायम रहे तापनि सबै पदमा पूर्ण रूपमा पदपूर्ति हुन सकेको अवस्था छैन ।

पदानुक्रमअनुसार दरबन्दी तथा पदपूर्ति विवरण तथा हाल कार्यरत कर्मचारीहरुको विवरण तल उल्लेख गरिएको छ।

## क. पदानुक्रमअनुसार दरबन्दी तथा पदपूर्ति विवरण

| क्र.सं. | सेवा | समूह | पदनाम | तह | दरबन्दी संख्या | पदपूर्ति स्थिति |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश स्वास्थ्य | हेल्थ इन्स्पेक्सन | बरिष्ठ/जनस्वास्थ्य प्रशासक | ९/१० | १ | पदपूर्ति |
| २ | प्रदेश स्वास्थ्य | हेल्थ इन्स्पेक्सन | बरिष्ठ/जनस्वास्थ्य अधिकृत | ७/८ | १ | पदपूर्ति |
| ३ | प्रदेश स्वास्थ्य | हेल्थ इन्स्पेक्सन | हेल्थ असिस्टेन्ट वा सो सरह | ५/६/७ | १ | पदपूर्ति |
| ४ | प्रदेश स्वास्थ्य | कम्युनिटी नर्सिङ/प.हे.न. | पब्लिक हेल्थ नर्स | ५/६/७ | १ | पदपूर्ति |
| ५ | प्रदेश स्वास्थ्य | मेडिकल ल्याब टेक्नोलोजी | ल्याब टेक्निसियन | ५/६/७ | १ | पदपूर्ति |
| ६ | प्रदेश प्रशासन | हेल्थ इन्स्पेक्सन | कोल्ड चेन असिस्टेन्ट | ४/५/६ | १ | पदपूर्ति |
| ७ | प्रदेश प्रशासन | प्रशासन | बरिष्ठ प्रशासन सहायक | ५/६ | १ | रिक्त |
| ८ | प्रदेश प्रशासन | लेखा | बरिष्ठ लेखा सहायक | ५/६ | १ | पदपूर्ति |
| ९ | प्रदेश प्रशासन | विविध | तथ्याङ्क सहायक | ५/६ | १ | पदपूर्ति |
| १० | प्रदेश प्रशासन | विविध | हलुका सवारी चालक | २ | १ | रिक्त |
| ११ | प्रदेश प्रशासन | विविध | कार्यालय सहयोगी | १ | २ | रिक्त |
| | **कुल दरबन्दी जम्मा** | | | | **१२** | |

## ख. हाल कार्यरत  स्थायी तथा करार (पौष मसान्त २०८२ सम्म) कुल जनशक्ति विवरण

| क्र.सं. | कार्यरत कुल जनशक्ति विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | स्थायी दरबन्दी अन्तर्गत-अस्थाई पदपूर्ति ४ वाहेक | ८ | |
| २. | फाजिल -ल्याव. असिस्टेन्ट चौथो | १ | |
| ३. | छात्रवृत्ति करार अन्तर्गत- जनस्वास्थ्य अधिकृत | १ | |
| ४. | कार्यक्रम करार अन्तर्गत विद्यालय नर्स | २ | |
| ५. | सिमा नाकामा कार्यरत कार्यक्रम करार -हे अ. (१), ल्याब असिष्टेण्ट (२), का.स. (१) | ४ | |
| ६. | अस्थाई पदपूर्ति  करार - हलुका सवारी चालक (१), कार्यालय सहयोगी (०२) | ३ | |
| | **जम्मा कार्यरत जनशक्ति संख्या** | **१९** | |

गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

# प्रदेश जनस्वास्थ्य कार्यालय

## मध्यविन्दु न.पा. ०२, कोल्हुवा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),

# दरबन्दी संरचना

**कार्यालय प्रमुख**

**बरिष्ठ/जनस्वास्थ्य प्रशासक**

तह : नवौ/दशौ

## प्राविधिक

| समुह : हेल्थ इन्सपेक्सन | | |
|---|---|---|
| पद | श्रेणी/तह | संख्या |
| बरिष्ठ/जनस्वास्थ्य अधिकृत | ७/८ | १ |

| समुह : हेल्थ इन्सपेक्सन | | |
|---|---|---|
| पद | श्रेणी/तह | संख्या |
| हेल्थ असिस्टेन्ट वा सो सरह | ५/६/७ | १ |

| समुह : मेडिकल ल्याव टेक्नोलोजी | | |
|---|---|---|
| पद | श्रेणी/तह | संख्या |
| ल्याब टेक्निसियन | ५/६/७ | १ |

| समुह : कम्युटी नर्सिङ्/पब्लिक हेल्थ नर्सिङ् | | |
|---|---|---|
| पद | श्रेणी/तह | संख्या |
| पब्लिक हेल्थ नर्स | ५/६/७ | १ |

| समुह : हेल्थ इन्सपेक्सन | | |
|---|---|---|
| पद | श्रेणी/तह | संख्या |
| कोल्ड चेन असिस्टेन्ट | ४/५/६ | १ |

## प्रशासन

| समुह : सामान्य प्रशासन | | |
|---|---|---|
| पद | श्रेणी/तह | संख्या |
| बरिष्ठ प्रशासन सहायक | ५/६ | १ |

| समुह : लेखा | | |
|---|---|---|
| पद | श्रेणी/तह | संख्या |
| बरिष्ठ लेखा सहायक | ५/६ | १ |

| समुह : विविध | | |
|---|---|---|
| पद | श्रेणी/तह | संख्या |
| तथ्यांक सहायक | ५/६ | १ |

| समुह : विविध | | |
|---|---|---|
| पद | श्रेणी/तह | संख्या |
| हलुका सवारी चालक | श्रेणी विहिन | १ |

| समुह : विविध | | |
|---|---|---|
| पद | श्रेणी/तह | संख्या |
| कार्यालय सहयोगी | श्रेणी विहिन | २ |

## भवन तथा भौतिक पुर्वाधार:

प्रदेश जनस्वास्थ्य कार्यालयको आफनै जग्गा र भवन नरहेको हाल प्रयोगमा रहेको भवन र जग्गा मध्यविन्दु नगरपालिका मातहतको नवलपुर स्वास्थ्य चौकीको स्वामित्वमा रहेको, प्रदेश जनस्वास्थ्य कार्यालयले प्रयोगमा ल्याएका संरचनाहरु तपसिलमा उल्लेख गरीए अनसार रहेका छन ।

- मिटिङ हल सहितको टिनको ट्रस्ट सहितको प्रशासकिय भवन ५ वटा कक्ष भएको ।
- टिनको ट्रस्ट भएको स्टोर कक्ष सहितको ५ कोठे भवन । (गत आ.व.२०८०/०८१ मा निर्माण भएको)
- जस्ता पाताको ट्रस्ट भएको १ पाखे ३ कोठे भवन । (गत आ.व.२०८०/०८१ मा निर्माण भएको)
- देवचली नगर अस्पतालको २ वटा कोठा भ्याक्सिन कोल्ड स्टोरको रुपमा प्रयोग गरिएको ।
- टाटा कम्पनीको १ पिक अप गाडि रहेको ।
- गाडी, बाइक र कवाडी सामान राखने कोठा सहितको ३ कोठे जस्ता पाताको टहरो ।
- नमुना सदरमुकाम कावासोतिमा प्रदेश जनस्वास्थ्य कार्यालयको लागि जग्गा छुट्टयाइ भवन बनाउने प्रकृयामा रहेको ।

गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

# प्रदेश जनस्वास्थ्य कार्यालय

## नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

## मध्यविन्दु न.पा. ०२, कोल्हुवा

# नागरिक बडापत्र

| क्र. सं | सेवाको विवरण | सेवा प्राप्त गर्न लाग्ने | | सेवा प्राप्त प्रक्रिया तथा पेश गर्नु पर्ने कागजातहरू | जिम्मेवारी/फाँट | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | समय | शुल्क | | | | |
| १ | तोकिएको खोप केन्द्रबाट खोप सेवा संचालनका लागि राष्ट्रिय खोप कार्यक्रम अन्तर्गतका भ्याक्सिन वितरण, | १ घण्टा | नि:शुल्क | सम्बन्धित स्थानीय तहको प्रमाणित माग फारम | सम्बन्धित फोकल पर्सन, तथा कोल्ड चेन फोकल पर्सन | कार्यालय प्रमुख | प्रदेश जनस्वास्थ्य कार्यालयको खोप भण्डारण, दुम्कौलीबाट |
| २ | स्वास्थ्य कार्यक्रम संचालनका लागि आवश्यक सामाग्रीहरु जस्तै परिवार नियोजन साधन, भिटामिन ए, आईरन चक्की आदि वितरण | १ घण्टा | नि:शुल्क | सम्बन्धित स्थानीय तह/स्वास्थ्य संस्थाको प्रमाणित माग फारम | सम्बन्धित फोकल पर्सन तथा स्टोर किपर | कार्यालय प्रमुख | |
| ३ | अत्यावश्यक औषधि तथा औषधिजन्य सामाग्री वितरण | २ घण्टा | नि:शुल्क | सम्बन्धित स्थानीय तह/स्वास्थ्य संस्थाको प्रमाणित माग फारम | सम्बन्धित फोकल पर्सन तथा स्टोर किपर | कार्यालय प्रमुख | |
| ४ | क्षयरोग, कुष्ठरोग, हातिपाईले, HIV & AIDS कार्यक्रमसंग सम्वन्धित औषधी तथा सामाग्री वितरण | १ घण्टा | नि:शुल्क | सम्बन्धित स्थानीय तहको प्रमाणित माग फारम | सम्बन्धित फोकल पर्सन तथा स्टोर किपर | कार्यालय प्रमुख | |
| ५ | महामारी/ विपतको समयमा आवश्यक पर्ने औषधी, सामाग्री वा अन्य व्यवस्थापन कार्यका | अवस्था अनुसार | नि:शुल्क | सम्बन्धित स्थानीय तह/स्वास्थ्य | सम्बन्धित फोकल पर्सन तथा स्टोर किपर | कार्यालय प्रमुख | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | साथै रोगको सर्भिलेन्स गर्ने | | | संस्थाको प्रमाणित माग फारम वा महामारी सम्बन्धि सुचना | | | |
| ६ | कार्यालय सम्बन्धित सुचना उपलब्ध गराउने | २ घण्टा | नि:शुल्क | सुचना माग गर्ने व्यक्ति वा निकायको आधिकारीक अनुरोध वा निवेदन | सूचना अधिकारी | कार्यालय प्रमुख | सूचनाको प्रकृति वा आयतन अनुसार समय थप घट हुने |
| ७ | निजि क्लिनिक/स्वास्थ्य संस्था (डेन्टल, आँखा उपचार केन्द्र, पोलिक्लिनिक आदि) संचालन अनुमति स्वीकृती सिफारिस र नविकरण सिफारिस | १५ दिन | स्वास्थ्य संस्था संचालन तथा स्तोरान्नती सम्वन्धी निर्देशिका २०७० (संशोधन सहित)मा भएका प्रावधान निवेदन शुल्क | स्वास्थ्य संस्था संचालन तथा स्तोरान्नती सम्वन्धी निर्देशिका २०७०(संशोधन सहित)मा भएका प्रावधान अनुसारका कागजात | स्वास्थ्य संस्था संचालन तथा स्तोरान्नती सम्वन्धी निर्देशिका २०७०(संशोधन सहित) बमोजिमको समिति | कार्यालय प्रमुख | स्थानीय तहको सिफारिस अनिवार्य |
| ८ | प्रदेशका २५ देखि २०० शैयाका अस्पताल ,रेडियो ईमेजिङ्ग सेन्टर लगायतका निजि स्तरका स्वास्थ्य संस्थाको प्रशतावको विस्तृत अध्ययन,अनगमन गरी स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयमा पेश गर्ने | १५ दिन | स्वास्थ्य संस्था संचालन तथा स्तोरान्नती सम्वन्धी निर्देशिका २०७० (संशोधन सहित)मा भएका प्रावधान निवेदन शुल्क | स्वास्थ्य संस्था संचालन तथा स्तोरान्नती सम्वन्धी निर्देशिका २०७०(संशोधन सहित)मा भएका प्रावधान अनुसारका कागजात | स्वास्थ्य संस्था संचालन तथा स्तोरान्नती सम्वन्धी निर्देशिका २०७०(संशोधन सहित) बमोजिमको समिति | कार्यालय प्रमुख | स्थानीय तहको सिफारिस अनिवार्य |
| ९ | बाल स्वास्थ्य, पोषण, सुरक्षित मातृत्व, परिवार योजना लगायत राष्ट्रिय तथा प्रदेशबाट संचालित स्वास्थ्य सेवा सम्बन्धि जानकारी | तुरुन्तै | नि:शुल्क | मौखित तथा लिखित अनुरोध | सम्बन्धित फोकल पर्सन/ सूचना अधिकारी | कार्यालय प्रमुख | |
| १० | एम्बुलेन्स संचालन/ नवीकरण सिफारिस | १ महिना | नि:शुल्क | राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ बमोजिमको | जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति | कार्यालय प्रमुख | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | निवेदन तथा कागजातहरू | | | |
| ११ | लागु औषध प्रयोगकर्ताहरूका लागि उपचार तथा पूनर्स्थापना केन्द्र संचालन/ नवीकरण सिफारिस | १५ दिन | नि:शुल्क | लागु औषध प्रयोगकर्ताहरू का लागि उपचार तथा पूनर्स्थापना केन्द्र संचालन निर्देशिका, २०७५ बमोजिमका कागजातहरू | जिल्ला अनुगमन तथा समन्वय समिति | कार्यालय प्रमुख | जिल्ला प्रशासन कार्यालयको निर्णय बमोजिम |

नोट :

❖ कार्यालय समय
  - बिहान ०९:०० देखि ५:०० बजेसम्म
  - बिहान ०९:०० देखि ४:०० बजेसम्म (कार्तिक १५ देखि माघ १५ सम्म)

❖ यस चार्टमा उल्लेख नभएको अन्य सबै सेवा प्रवाह एवं कार्य सम्पादन प्रदेश जनस्वास्थ्य कार्यालय र अन्तर्गतका विभिन्न फाँटबाट नियमित रुपमा संचालनमा रहेको हुँदा सोही अनुसार थप जानकारीका लागि जनस्वास्थ्य कार्यालयको प्रशासन शाखा वा कार्यालयको वेवसाईट हेर्नु हुन अनुरोध छ ।

❖ थप जानकारीको लागि, सूचना अधिकारीलाई सम्पर्क गर्नुहोला:
नाम: प्रविण कुमार खनाल मोवाई न. ९८५७०७९२३६ ईमेल: honawalpur@gmail.com

## विपद व्यस्थापन तयारी सम्बन्धी जानकारी:

- विपद व्यवस्थापनको लागि स्थानीय तह, अस्पताल तथा सरोकारवालासग समन्वय गर्न फोकल पर्सन तोकी विपत कार्य योजना बनाई कार्य गरेको तथा मनसुन पूर्व तयारी योजना तय गरिएको ।
- विपद तयारी अन्तर्गत आपतकालीन नम्बर तथा जिल्ला द्रूत प्रतिकार्य टोलि *(Rapid Response Team)* गठन गरि तयारी अवस्थामा राखिएको ।
- विपतको समयमा आफुले गर्नुपर्ने जिम्मेवारी पुर्ण रुपमा निर्वाह गरेको ।







## सम्पादित कार्यक्रमहरुको विवरण :

२०८३ बैशाख महिनादेखि असार मसान्तसम्म सम्पादित कार्यक्रमहरुको विवरण

**बैशाख २०८३ महिनामा सम्पादित कार्यकमहरु**

- ☐ AI प्रयोग मार्फत स्वास्थ्य शिक्षा: स्वस्तिमा, डिजिटल साथी
- ☐ पोषण कार्यक्रमको समिक्षा तथा योजना गोष्ठी
- ☐ राष्ट्रिय भिटामिन 'ए' तथा जुकाको औषधि खुवाउने कार्यक्रम
- ☐ आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियमन) ऐन, २०४९ तथा नियमावली २०५१ सम्बन्धी सरोकारवाला अन्तरक्रिया कार्यक्रम
- ☐ सुर्तीजन्य पदार्थ तथा मदिरा नियमन तथा नियन्त्रण सम्बन्धी समन्वयात्मक बैठक

- ☐ निजि स्वास्थ्य संस्था अनुगमन कार्यक्रम
- ☐ स्वास्थ्य मन्त्रीद्वारा त्रिवेणी नाका स्वास्थ्य सहायता कक्षको अनुगमन
- ☐ ASRH सम्बन्धी अभिमुखीकरण कार्यक्रम

**जेष्ठ महिनामा सम्पादित कार्यकमहरु**

- ☐ AI प्रयोग मार्फत स्वास्थ्य शिक्षा: स्वस्तिमा, डिजिटल साथी
- ☐ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (FCHV) आधारभूत तालिम
- ☐ सायना प्रेस विस्तार सम्बन्धी समन्वयात्मक अन्तरक्रिया बैठक
- ☐ पोषण अवस्था लेखाजोखा कार्यक्रम
- ☐ जनप्रतिनिधि तथा पोषणसँग सम्बन्धित सरोकारवालाहरूसँग पैरवी बहस
- ☐ महिनावारी स्वच्छता दिवस विशेष मेला २०८३ सफलतापूर्वक सम्पन्न
- ☐ स्थानीय तहका स्वास्थ्यकर्मीहरूका लागि NTD सम्बन्धी ३ दिने तालिम
- ☐ क्षयरोग तथा छाती रोगहरूको खोजपडताल कार्यक्रम ३ स्थानीय तहमा

**असार महिनामा सम्पादित कार्यकमहरु**

- ☐ गण्डकी प्रदेश स्वास्थ्य मन्त्रीद्वारा कार्यालय अनुगमन
- ☐ MNH अनसाईट क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रम
- ☐ किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सम्बन्धी समन्वयात्मक बैठक
- ☐ खाद्यजन्य विषाक्तताको अनुसन्धान तथा फिल्ड अनुगमन कार्
- ☐ विद्यार्थीहरूको रुमाटिक हार्ट डिजिज (RHD) स्क्रिनिङ कार्यक्रम
- ☐ परिवार योजना तथा प्रजनन स्वास्थ्य कार्यक्रम अनुगमन
- ☐ कालाजार रोग तथा विषादी छिडकाउ सम्बन्धी अन्तरक्रिया कार्यक्रम
- ☐ तालिम सम्पन्न: CB-IMNCI, तथा खोप कार्यक्रम आधारभूत तालिम

## आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण:

- श्रावण २०८२ देखि असार २०८३ सम्मको राजस्व संकलन: रु. ३,३८,४१३.००

  **जम्मा राजस्व संकलन: रु. तीन लाख अठतीस हजार चार सय तेह्र मात्र**

- असार महिना, २०८२ सम्मको खर्चको प्रगति विवरण:

| बजेट स्रोत | खुद बजेट [रु. हजारमा] | खर्च | प्रगति | | कै. |
|---|---|---|---|---|---|
| | | | वितिय | भौतिक | |
| प्रदेश स्रोत | २८,२९४ | १८,५२३ | ६५.४ % | | |
| संघ सशर्त अनुदान | २१,३२९ | १२,१५० | ५६.९ % | | |
| **जम्मा** | **५,३०,२३,०००** | **१,३३,७४,२६६** | **२५.२%** | | |

| क्र. सं. | बजेट उपशीर्षक (संघ सशर्त) | जम्मा बजेट (रु.) | जम्मा खर्च (रु.) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १६,७१,००० | ७,३०,२७५ | ४२.७ |
| २. | एड्स तथा यौन रोग नियन्त्रण | २,१०,००० | ९७,०५० | ४६.२ |
| ३. | नर्सिङ तथा सामाजिक सुरक्षा कार्यक्रम | ११,०३,००० | ८,०१,४०२ | ७२.६ |
| ४. | स्वास्थ्य व्यवस्थापन कार्यक्रम | १४,५०,००० | ८,८०,१५५ | ६०.७ |
| ५. | परिवार कल्याण कार्यक्रम | १,३७,८१,००० | ७१,६६,१८१ | ५२.० |
| ६. | क्षयरोग नियन्त्रण कार्यक्रम | ५,३१,००० | ३,०१,७६० | ५६.८ |
| ७. | उपचारात्मक सेवा कार्यक्रम | १५,००,००० | ७,६३,०३८ | ५०.८ |
| ८. | अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम | ३,१५,००० | १,०८,४५० | ३४.४ |
| ९. | महामारी रोग नियन्त्रण कार्यक्रम | २८,१८,००० | ११,४२,१४४ | ४०.५ |
| १०. | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र | ३,००,००० | १,५९,७८० | ५३.२ |
| | **संघ सशर्त अनुदानतर्फ जम्मा** | **२,१३,२९,०००** | **१,२१,५०,२३५** | **५६.९** |

## कार्यालय समक्ष सूचना माग र सो उपर दिएको सूचना तथा जवाफ विषयः

- ☐ जिल्लाको सर्पदंश तथा जनावरको टोकाईको बिवरण माग गरिएको र सोको सम्बन्धित व्यक्तिलाई माग गरिएको दिनमा नै पत्रमार्फत उपलब्ध गराईएको,
- ☐ जिल्लामा संचालन भएको जे.ई. खोप अभियान २०८२ सम्बन्धी बिवरण माग गरिएको र सोको सम्बन्धित व्यक्तिलाई माग गरिएको दिनमा नै जानकारी उपलब्ध गराईएको,
- ☐ सुझाव पेटिका कुनै पनि सुझाव प्राप्त नभएको साथै हालसम्म कुनै गुनासलाई नआएको



## आ.व. २०८२/८३ मा सूचनाको हक बमोजिम माग तथा प्रदान गरिएको सूचनाको विवरण

## (Right to Information Utilization Details)

| खोजिएको सूचना | अनुरोध मिति | अनुरोधकर्ता | सूचना प्रदान गरिएको माध्यम | प्रदान गरिएको मिति | प्रदानकर्ता | कै. |
|---|---|---|---|---|---|---|
| सर्पदंश तथा जनावरको टोकाइको विवरण | २०८२/०५/१८ | | पत्रमार्फत जानकारी प्रदान गरिएको | २०८२/०५/१८ | सागर पराजुली | |
| स्वास्थ्य बिमा सम्बन्धी जानकारी | २०८२/०८/०४ | | इमेल तथा फोन सम्पर्कमार्फत प्रदान गरिएको | २०८२/०८/०४ | छबिलाल सुबेदी | |
| IMNCI & RH Morbidity कार्यक्रम सूचक (जिल्ला अवस्था) | २०८२/१०/०४ | कमल जोशी, जनस्वास्थ्य स्नातक विद्यार्थी, केन्द्रीय जनस्वास्थ्य विभाग, त्रि.वि. | इमेलमार्फत प्रदान गरिएको | २०८२/१०/०७ | सागर पराजुली | |
| जे.ई. खोप अभियान २०८२ सम्बन्धी बिवरण माग गरिएको | २०८२/११/२६ | | फोनमार्फत प्रदान गरिएको | २०८२/११/२६ | प्रविण कुमार खनाल | |

[Click here to see at website]

## कार्यालय प्रमुख र सूचना अधिकारीको नाम, पद र सम्पर्क नम्बर :

| | | |
|---|---|---|
| **कार्यालय प्रमुख तथा गुनासो सुन्ने अधिकारी**<br>श्री केशव प्रसाद चापागाईं,<br>जनस्वास्थ्य प्रशासक- नवौं<br>सम्पर्क नम्बर: ९८५७०४७९७६<br>ईमेल:<br>honawalpur@gmail.com |  |  |
| **सूचना अधिकारी**<br>श्री प्रविण कुमार खनाल,<br>जनस्वास्थ्य अधिकृत- सातौं<br>सम्पर्क नम्बर: ९८५७०७९२३६<br>ईमेल:<br>honawalpur@gmail.com |  |  |

## प्रदेश जनस्वास्थ्य कार्यालय सम्पर्क विवरणहरु

**कार्यालय ठेगाना**
नवलपरासी ( बर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश, नेपाल

**प्रशासनिक ठेगाना**
नवलपरासी ( बर्दघाट सुस्ता पूर्व ), गण्डकी प्रदेश, नेपाल

**कार्यालय इमेल**
honawalpur@gmail.com

**सम्पर्क नम्बर:**
०७८-४०१०८३, ०७८-५४००१८

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) वेवसाइट

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) फेसबुक पेज